# नेपाल राजपत्र

नेपाल सरकारद्वारा प्रकाशित

खण्ड ५६) काठमाडौं, पुस २१ गते, २०६३ साल (अतिरिक्तांक ५४

## भाग ५

### निर्वाचन आयोगको

### सूचना १

निर्वाचन आयोगले मतदाता नामावली सम्बन्धी ऐन, २०६३ को दफा ३ को उपदफा (३) तथा मतदाता नामावली सम्बन्धी नियमावली, २०६३ को नियम ३ को उपनियम (१) को प्रयोजनका लागि २०६३ साल मंसिर मसान्तसम्ममा १८ वर्ष उमेर पूरा भइ कानून बमोजिम मतदाता हुन योग्य नेपाली नागरिकको नाम र अन्य विवरण देहायका ८८ गाउँ विकास समितिहरु बाहेक अन्य सबै गाउँ विकास समिति तथा नगरपालिकामा सङ्कलन तथा अद्यावधिक गर्न देहाय बमोजिमको मतदाता नामावली सङ्कलन तथा अद्यावधिक गर्ने कार्यक्रम प्रकाशन गरेकाछ :-

१. मतदाता नामावली सङ्कलन तथा अद्यावधिक गर्ने कार्यक्रम

| क्र. सं. | कार्यक्रम | मिति | | समय | स्थान |
|---|---|---|---|---|---|
| | | देखि | सम्म | | |
| १ | कार्यक्रम टाँस तथा तत्काल कायम रहेको मतदाता नामावली प्रकाशन गर्ने | २०६३।१०।९ | २०६३।१०।९ | १० बजे | गा.वि.स.वा न .पा. वडा / प्र.ना.द.अ.को कार्यालय |
| २ | नामावली तथा विवरण सङ्कलन<br>(क) मतदाता नामावलीमा नाम समावेश गर्ने विवरण<br>(ख) मतदाता नामावलीबाट नाम हटाउने विवरण<br>(ग) मतदाता नामावलीमा त्रुटि सच्याउने विवरण<br>(घ) दोहोरो नाम हटाउने विवरण | २०६३।१०।९ | २०६३।१०।२३ | कार्यालय समय | गा.वि.स.वा न.पा.वडाको टोल टोलमा |
| ३ | नामावलीमा नाम समावेश गर्न, त्रुटि सच्याउन र नाम हटाउन दरखास्त लिने प्रयोजनको लागि अद्यावधिक मतदाता नामावली प्रकाशन गर्ने | २०६३।१०।२४ | २०६३।१०।२४ | १५ बजे | स.ना.द.अ.को कार्यालय |
| ४ | नाम समावेश गर्न, त्रुटि सच्याउन र नाम हटाउन छुट भएका व्यक्तिले दरखास्त दिने | २०६३।१०।२४ १५ बजे | २०६३।१०।२७ | कार्यालय समय | स.ना.द.अ. को कार्यालय |
| ५ | दाबी विरोधको प्रयोजनका लागि संशोधित मतदाता नामावली प्रकाशन गर्ने | २०६३।१०।२८ | २०६३।१०।२८ | १५ बजे | स.ना.द.अ. को कार्यालय |
| ६ | मतदाताको दावी विरोधमा दरखास्त/सूचना दिने | २०६३।१०।२८ १५ बजे | २०६३।११।२ | कार्यालय समय | स.ना.द.अ. को कार्यालय |

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| | | | | | |
|---|---|---|---|---|---|
| ७ | दोहोरो नाम रहेका मतदाताले आफ्नो नाम कुनै एक स्थानमा मात्र कायम गरी अन्यत्रवाट हटाउन एउटै जिल्ला भित्रको भए प्रमुख नाम दर्ता अधिकारीको कार्यालयमा र अन्य जिल्लाको भए निर्वाचन आयोगमा निवेदन दिने | २०६३।१०।२९ | २०६३।११।२ | कार्यालय समय | निर्वाचन आयोग /प्रमुख नामदर्ता अधिकारीको कार्यालय |
| ८ | दावी विरोध पर्न आएका मतदातालाई संशोधित मतदाता नामावलीवाट आफ्नो नाम हट्नु नपर्ने कारण भए प्रमाण सहित भनाई पेश गर्न आउन सूचना प्रकाशन गर्ने | २०६३।११।३ | २०६३।११।३ | १५ बजे | स.ना.द.अ./प्र.ना.द.अ.को कार्यालय |
| ९ | दावी विरोध परेका मतदाताले प्रमाण सहित आफ्नो भनाइ पेश गर्न आउने | २०६३।११।३ १५ बजे | २०६३।११।९ | कार्यालय समय | स.ना.द.अ. को कार्यालय |
| १० | दावी विरोधको जाँचवुझ र पञ्जिकाधिकारीको कार्यालयको अभिलेखको आधारमा नाम हटाउनु पर्ने मतदाताको नाम संशोधित मतदाता नामाबलीवाट हटाइएको सूचना प्रकाशन गर्ने | २०६३।११।१० | २०६३।११।१० | १७ बजे | स.ना.द.अ. को कार्यालय |
| ११ | सहायक नाम दर्ता अधिकारीले अन्तिम मतदाता नामावली तयार गरी प्रमुख नामदर्ता अधिकारीको कार्यालयमा पठाउने र सो को सूचना आफ्नो कार्यालयमा प्रकाशन गर्ने | २०६३।११।१२ | २०६३।११।१२ | १० बजे | स.ना.द.अ. को कार्यालय |
| १२ | दोहोरो नाम हटाउन परेका निवेदन बमोजिम मतदाता नामावली वाट नाम हटाइएका व्यक्तिहरुको सूची प्रकाशन गर्ने | २०६३।११।१४ | २०६३।११।१४ | १४ बजे | प्र.ना.द.अ.को कार्यालय |
| १३ | प्रमुख नाम दर्ता अधिकारीको कार्यालयमा अन्तिम मतदाता नामावली प्रकाशन गर्ने | २०६३।११।१४ | २०६३।११।१४ | १७ बजे | प्र.ना.द.अ.को कार्यालय |

द्रष्टव्य :

(१) यो कार्यक्रम सार्वजनिक विदाको दिनमा समेत सञ्चालन गरिनेछ ।

(२) सङ्कलनकर्ताले कार्यालय समय बाहेक पनि नाम तथा विवरण सङ्कलन गर्ने कार्य गर्न सक्नेछ ।

(३) प्र.ना.द.अ. भन्नाले प्रमुख नामदर्ता अधिकारी र स.ना.द.अ. भन्नाले सहायक नामदर्ता अधिकारी सम्झनु पर्छ ।

२. हाल मतदाता नामावली सङ्कलन तथा अध्यावधिक गर्ने कार्यक्रम सञ्चालन नहुने गाउँ विकास समितिहरु

| क्र. सं. | जिल्ला | गाउँ विकास समितिहरु |
|---|---|---|
| १ | ताप्लेजुङ्ग | (१) लेलेप (२) पापुङ (३) ओलाङचुङगोला |
| २ | दोलखा | (१) गौरीशंकर (२) लामाबगर |
| ३ | गोरखा | (१) सामागाउं (२) ल्हो (३) प्रोक (४) चुङ्चेत (५) छेकम्पार (६) बिहि (७) सिर्दीवास |
| ४ | मनाङ्ग | (१) पिसाङ्ग (२) डावल (३) घ्यारु (४) भाका (५) नाङ (६) टंकी मनाङ ( ७) खाङसार (८) नार (९) फू |
| ५ | मुगु | (१) मुगु (२) डोल्फू |
| ६ | मुस्ताङ्ग | (१) छुसाङ्ग (२) छोसेर (३) छोन्हुप (४) लोमन्थाङ (५) सुरखाङ (६) घमी (७) चराङ (८) मुक्तिनाथ (९) झोङ (१०) कागबेनी |
| ७ | डोल्पा | (१) भिजेर (२) साल्डाङ (३) तिन्जे (४( धो (५) मुकोट (६) छार्का |
| ८ | धादिङ | (१) लापा (२) तिप्लिङ (३) सेर्तुङ (४) झार्लाङ (५) री |
| ९ | रसुवा | (१) लाङटाङ (२) स्याफ्रु (३) टिमुरे (४) थुमन (५) गतलाङ (६) धुन्चे (७) सरमथली (८) गोल्फुङ (९) चिलिमे (१०) यार्सा (११) हाकू |
| १० | कालिकोट | (१) मालकोट (२) रुप्सा (३) मुग्रा (४) खिन (५) मौलागोह (६) फोइमहादेव (७) चिलखाया (८) ओदानकू (९) राचुली |
| ११ | बझाङ | (१) कांडा (२) दहवगर (३) सुर्मा (४) दौलीचौर |
| १२ | हुम्ला | (१) लिमी (२) मुचु (३) खगालगाँउ (४) हेप्का (५) स्याडा (६) बरगाउं (७) डाडाफाया (८) थेहे (९) छिप्रा (१०) लाली (११) रायाँ (१२) सर्किदेउ (१३) सिमिकोट (१४) खार्पुनाथ |
| १३ | संखुवासभा | (१) किमाथाङका (२) हटिया (३) चेपुवा |
| १४ | सोलुखुम्बु | (१) खुम्जुङ (२) नाम्चे (३) चौरीखर्क |



अधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## सूचना २

निर्वाचन आयोगले मतदाता नामावली सम्बन्धी नियमावली, २०६३ को नियम २८ को उपनियम (१) को प्रयोजनका लागि २०६३ साल मंसिर मसान्तसम्ममा १८ वर्ष उमेर पूरा भइ कानून बमोजिम अस्थायी मतदाता नामावलीमा नाम समावेश हुन योग्य नेपाली नागरिकको नाम र अन्य विवरण सङ्कलन गर्न देहाय बमोजिमको अस्थायी मतदाता नामावली सङ्कलन गर्ने सम्बन्धी कार्यक्रम प्रकाशन गरेकोछ : -

| क्र.सं. | कार्यक्रम | मिति | | समय | स्थान |
|---|---|---|---|---|---|
| | | देखि | सम्म | | |
| १ | अस्थायी मतदाता नामावली सङ्कलन सम्बन्धी कार्यक्रम प्रकाशन | २०६३/१०/९ | २०६३/१०/९ | विहान १० वजे | प्र.ना.द.अ.को कार्यालय |
| २ | अस्थायी मतदाता नामावली सङ्कलन | २०६३/१०/९ | २०६३/१०/२० | कार्यालय समय | प्र.ना.द.अ.को कार्यालय |
| ३ | सङ्कलित अस्थायी मतदाता नामावली प्रकाशन | २०६३/१०/२४ | २०६३/१०/२४ | कार्यालय समय | प्र.ना.द.अ.को कार्यालय |
| ४ | अस्थायी मतदाता नामावलीमा नाम समावेश गर्न दरखास्त दिने | २०६३/१०/२५ | २०६३/११/१ | कार्यालय समय | प्र.ना.द.अ.को कार्यालय |
| ५ | दरखास्त उपर जाँचबुझ गरी संशोधित अस्थायी मतदाता नामावली प्रकाशन गर्ने | २०६३/११/२ | २०६३/११/२ | कार्यालय समय | प्र.ना.द.अ.को कार्यालय |
| ६ | अस्थायी मतदाता नामावलीमा दावी विरोध गरी दरखास्त दिने | २०६३/११ /३ | २०६३/११/४ | कार्यालय समय | प्र.ना.द.अ.को कार्यालय |
| ७ | अस्थायी मतदाता नामावलीमा दावी विरोध परेका मतदातालाई आफ्नो भनाइ पेश गर्न सूचना प्रकाशन गर्ने | २०६३/११/५ | २०६३/११/६ | कार्यालय समय | प्र.ना.द.अ.को कार्यालय |
| ८ | अस्थायी मतदाता नामावलीमा दावी विरोध परेका मतदाताले आफ्नो भनाइ पेश गर्ने | २०६३/११/७ | २०६३/११/९ | कार्यालय समय | प्र.ना.द.अ.को कार्यालय |
| ९ | दावी विरोध उपर, जाँचबुझ गरी अस्थायी मतदाता नामावलीबाट नाम हटाइएका व्यक्तिहरुको सूची प्रकाशन गर्ने | २०६३/११/११ | २०६३/११/११ | कार्यालय समय | प्र.ना.द.अ.को कार्यालय |
| १० | अन्तिम अस्थायी मतदाता नामावली तयार गर्ने | २०६३/११/१२ | २०६३/११/१३ | कार्यालय समय | प्र.ना.द.अ.को कार्यालय |
| ११ | अन्तिम अस्थायी मतदाता नामावली प्रकाशन गर्ने | २०६३/११/१४ | २०६३/११/१४ | कार्यालय समय | प्र.ना.द.अ.को कार्यालय |

द्रष्टव्य :

(१) यो कार्यक्रम सार्वजनिक विदाको दिनमा समेत सञ्चालन गरिनेछ।
(२) प्र.ना.द.अ. भन्नाले प्रमुख नाम दर्ता अधिकारी सम्झनु पर्छ।

आज्ञाले,
दोलखबहादुर गुरुङ
सचिव



मुद्रण विभाग, सिंहदरवार, काठमाडौंमा मुद्रित। मूल्य रु. ५।–
गो.ह.द.नं. १६।०६२।६३

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।